- बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
- बालबालिकामाथि हुने हिंसाको उजूरी प्रहरीमा गरौं ।
- बालबालिका बेचबिखन र तस्करी नियन्त्रण गरौं ।
- बालबालिकालाई परिवारिक वातावरणमा हुर्कने अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ०४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 17 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२६

## बारा उपनिर्वाचनको सरगर्मी बढ्दै
# उम्मेदवारबाट आचारसंहिताको ठाडो उल्लङ्घन

प्रस, वीरगंज, ३ वैशाख/

बारा क्षेत्र नं २ मा हुन गइरहेको उपनिर्वाचनमा जीत हासिल गर्न प्रमुख दलहरूका उम्मेदवारहरू जोडतोडका साथ लागिपरेका छन् ।



तस्वीरः प्रतीक

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव अहिले निर्वाचन जित्नका लागि पूर्णरूपमा चुनावी मैदानमा तल्लीन छन्। महागढीमाई नगरपालिका–१ बरियारपुरमा मुख्यालय बनाएर उनी बिहान ७ देखि साँझ ७ बजेसम्म चुनावी अभियानमा लागेका छन् । घरदैलोलगायतका चुनावी प्रचारमा उपेन्द्र यादव संलग्न छन् । मतदाता आकर्षित गर्न उनले सबैथरीका हत्कन्डा अपनाएका छन् ।

सप्तरीबाट जनमत पार्टीका अध्यक्ष डा सिके राउतसँग ठूलो मतान्तरबाट पराजित भएपछि उनी बारा क्षेत्र नं २ बाट उपनिर्वाचन लडिरहेका छन् । यो क्षेत्रका सांसद रामसहायक यादव चैत ३ गते उपराष्ट्रपतिमा निर्वाचित भएपछि उपनिर्वाचन हुन गइरहेको हो ।

जसपा अध्यक्ष यादवलाई सत्तारूढ गठबन्धनको समेत साथ छ । नेपाली काङ्ग्रेसको राम्रो पकड रहेको यो क्षेत्रमा नेका उम्मेदवार नरहेको र नेकासहित सत्तारूढ गठबन्धनका माओवादी केन्द्र, लोसपा, नेकपा (एस)समेतको यो क्षेत्रमा मत उल्लेखनीय रहेका कारण यादवले जित्नुपर्ने लख काटिंदैछ । तर उनलाई जनमत पार्टी र एमालेका शिवचन्द्र कुशवाहा र पुरुषोत्तम पौडेलले दरो टक्कर दिने अनुमान गरिएको छ । कुशवाहा गत चुनावमा हालका उपराष्ट्रपति यादवसँग ३५४ मतले मात्र पराजित भएका थिए । माओवादी केन्द्रसँग आबद्ध कुशवाहा माओवादी परित्याग गरेर जनमत पार्टी प्रवेश गरी यो क्षेत्रबाट चुनाव लडिरहेका छन्, जसले गर्दा पूर्वमाओवादी कुशवाहालाई दुवै पार्टीको मतदाताहरूबाट सहयोग मिल्ने अनुमान गरिएको छ । पहिलो संविधानसभामा कुशवाहा यो क्षेत्रबाट निर्वाचित भएका थिए भने त्यसपछिको चुनावमा पराजित भएका थिए ।

एमालेबाट पुरुषोत्तम पौडेलको चर्चा पनि यो क्षेत्रमा कम छैन । चुनावी अभियानमा पौडेलको पनि पहिलो निशाना जसपा अध्यक्ष उपेन्द्र यादव नै छन् । यादव हराउ अभियानमा उनका अभिव्यक्तिहरू पनि चुनावीसभामा प्रशस्त सुन्न पाइन्छ। बाहिरिया–भित्रियाको कुरा पनि यो चुनावमा उठाइँदैछ ।

जनमत पार्टीका डा राउतले क्षेत्रका उम्मेदवारलाई चुनाव जिताउन बारम्बार अपील गर्दै आएका छन्। बारा क्षेत्र नं २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल चुनावी मैदानमा छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको नामबाट र पर्सामा प्रहरी उपरीक्षक भएर देखाएको कामबाट मात्रै अहिले उनको चर्चा यो क्षेत्रमा भएको छ। यो क्षेत्रबाट राजनीतिक दलका १२ जना उम्मेदवार छन् भने स्वतन्त्र २४ जना गरी ३६ जना छन् । चुनावमा भने



चारवटा दलको मात्र मुख्यरूपमा चर्चा छ। बाँकी दल र स्वतन्त्र उम्मेदवारहरूको खासै चर्चा छैन । उनीहरूको प्रचार पनि यो क्षेत्रमा कमजोर छ । चुनावमा प्रतिस्पर्धाभन्दा उम्मेदवारलाई विभिन्न तरीकाबाट सघाउने गरी स्वतन्त्र उम्मेदवारी परेको देखिन्छ ।

### आचारसंहिता उल्लङ्घन

बाराको उपनिर्वाचनमा निर्वाचन आचारसंहिताको धज्जी उडाइएको छ। आचारसंहितामा रङ्गीन पोस्टर, पम्पलेट वर्जित गरिएको छ तर अहिले यहाँ ठूला दल भनाउँदाहरूले रङ्गीन तस्वीरहरूमा पोस्टर, पम्पलेटबाट चुनाव प्रचार गर्दै आएका छन् । यसैगरी, यो क्षेत्रका विभिन्न सार्वजनिक स्थानमा फ्ल्याक्सोबाट पनि चुनावी प्रचार भइरहेको छ। सार्वजनिक स्थानमा चुनाव प्रचारका सामग्रीहरू राख्न नपाउने र निजी क्षेत्रमा स्वीकृति लिएर मात्र राख्नुपर्ने नियमको यहाँ ठाडो उल्लङ्घन भएको छ ।

निर्वाचन आचारसंहिता अनुसार उम्मेदवारहरूले भोजभतेर गर्न पाउने छैनन् तर अहिले बारा क्षेत्र नं २ को उपनिर्वाचनमा चुनाव जित्ने दाबी गर्ने ठूला दलहरू सबैले भोजभतेर गर्दै आएका छन्। पालिकाको टोलटोलमा कार्यकर्ताको नाममा भोजभतेर भइरहेका छन् । सबैजसो दलले मुख्यालय क्षेत्र नं २ को महागढीमाई नपा–१ बरियारपुरलाई बनाएका छन् तर यो क्षेत्रका विभिन्न पालिकाहरूका टोलटोलमा भोजभतेर हुँदै आएको छ जसले गर्दा कार्यकर्ताभन्दा पनि मतदाता प्रभावित गर्ने काम भइरहेको सहज अनुमान गर्न सकिन्छ ।

यसैगरी, निर्वाचन आचारसंहिता अनुसार भारतीय गाडीको प्रयोग निषेध छ भने उम्मेदवारहरूलाई तोकिएको सङ्ख्यामा मात्र सवारीसाधनहरूको प्रयोग गर्न पाइने व्यवस्था छ तर उपनिर्वाचनमा भारतीय र नेपाली नम्बरको गाडीका लस्कर चुनावी प्रचारप्रसारमा प्रयोग भइरहेका छन् ।

नेमकिपाबाट उम्मेदवार मुक्तिप्रसाद यादवले मात्र अटोरिक्शाबाट चुनावी प्रचार गरिरहेका छन्। बाँकी ठूला दलका उम्मेदवारहरू गाडीको दौडधूपमा व्यस्त छन् । स्वतन्त्र र अन्य दलहरूको भने खासै सहभागिता देखिंदैन ।

### सत्ताको दुरूपयोग भयो- डा सिके राउत

उपनिर्वाचनको प्रचारमा बारामा आइतवार पुनः आएका जनमत पार्टीका अध्यक्ष डा सिके राउतले जसपाका उम्मेदवार उपेन्द्र यादवलाई जिताउन राज्यसत्ता लागिपरेको आरोप लगाएका छन्। उनले प्रहरी प्रशासन उपेन्द्र यादवको पक्षमा रहेको आरोप लगाए । यादवले निर्वाचन आचारसंहिताको चरम उल्लङ्घन गरेको भएपनि उनीमाथि कारबाई नगरिएको डा राउतले आरोप लगाए ।

चुनाव जिताउनको लागि प्रहरी प्रशासनको दुरुपयोग भइरहेको भन्दै उनले आफूलाई यो सह्य नहुने बताए। निर्वाचन स्वच्छ, निष्पक्षरूपमा गराउन उनले निर्वाचन आयोगसँग माग गरे । सत्ताको आडमा निर्वाचन गराउन खोजे त्यसको प्रतिकार गर्ने उनले चेतावनी दिए ।

## ठाकुर राम बहुमुखी क्याम्पसमा बबाल
# क्याम्पस प्रमुख चौरसियाद्वारा राजीनामा

नितेश कर्ण, वीरगंज, ३ वैशाख/

ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंजमा परीक्षा केन्द्रको विषयलाई लिएर परीक्षाको मुखमा विवाद भएको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको परीक्षा नियन्त्रक कार्यालयले वैशाख ४ गते भोलिदेखि हुने स्नातक तह प्रथम वर्षको परीक्षाको लागि ठाराब क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा केन्द्र बाराको सिमरा र कलैयामा पारेपछि सो विषयलाई लिएर विवाद भएको हो ।

परीक्षा नियन्त्रक कार्यालयले कम्तीमा सात दिनअगाडि परीक्षा केन्द्र टुङ्गो लगाउनुपर्नेमा दुई दिनअघि मात्र टुङ्गो लगाएको विषयलाई लिएर विद्यार्थीहरूले विवाद गरेका हुन्। ठाराब क्याम्पसका विद्यार्थीहरूले दुई वर्षदेखि यहाँको सेन्टर बारा जिल्लामा पार्दै आएकोमा आपत्ति जनाउँदै आएका थिए। उनीहरूले ठाराब क्याम्पसका विद्यार्थीहरू बाराको कलैयामा परीक्षा दिन जाँदा समस्या हुने भन्दै वीरगंज महानगर क्षेत्रमा परीक्षा गराउन माग गर्दै आएका थिए ।

भोलिदेखि शुरू हुने परीक्षाका लागि आज प्रवेशपत्र लिन गएका हजार बढी विद्यार्थीहरू अलपत्र परेका थिए। एकथरी विद्यार्थीले परीक्षा नियन्त्रक कार्यालयको विरोध गर्दै परीक्षा शाखामा तालाबन्दी गरेर धर्ना दिएका थिए । आइतवार बिहानदेखि विद्यार्थीहरूले धर्ना दिने र तालाबन्दी गर्ने कार्यलाई निरन्तरता दिए भने यो क्रममा प्रहरीले लाठीचार्ज गरेर परीक्षा शाखा खोलाउने प्रयास पनि गरेको थियो ।

क्याम्पसमा विवाद बढेपछि क्याम्पस प्रमुख डा उमेश चौरसिया मोबाइलको स्वीच अफ गरेर बसेका छन् । उनले ठाराबका विद्यार्थीहरूको मागलाई सम्बोधन गर्न परीक्षा नियन्त्रक कार्यालयलाई गरेको आग्रह सुनवाइ नभएको र क्याम्पसमा सोही विषयलाई लिएर विवाद भएपछि मोबाइल अफ गरेका हुन् ।

ठाराबका विद्यार्थीहरूमध्ये बिबिएस प्रथम वर्षका सिम्बल नम्बर ७००१५०००१ देखि ७००१५०७०० सम्मका विद्यार्थीहरूको परीक्षा केन्द्र सिमरा कलेजमा र ७००१५०७०१ देखि ७००१५१५०० सम्म दुर्गा मावि ७००१५१५०१ देखिमाथिका सबै रामराजा बहुमुखी क्याम्पस, कलैयामा राखिएको छ ।

यसैगरी, बिए, बिएससीको रामराजा क्याम्पसमा र बिएड प्रथम वर्षको ९००१५०००१ देखि ९००१५०८०० सम्मको दुर्गा मावि ९००१५०८०१ देखि माथिको रामराजा क्याम्पस र बिएड प्रथम वर्षका सबै विद्यार्थीहरुको परीक्षा रामराजा बहुमुखी क्याम्पसमा तोकिएको ठाराब क्याम्पस परीक्षा शाखा वीरगंजले जनाएको छ ।

यसअघि पनि यहाँका विद्यार्थीहरूले यो विषयलाई लिएर विवाद गरेका तर यसपटक पनि परीक्षा नियन्त्रक कार्यालयले गम्भीरतापूर्वक नलिएको कारण ठाराब क्याम्पसमा तनाव भएको हो ।

### क्याम्पस प्रमुखको राजीनामा

ठाकुर राम बहुमुखी क्याम्पसका प्रमुख डा उमेश चौरसियाले पदबाट राजीनामा गरेका छन् ।

क्याम्पसमा निरन्तर विवाद हुने गरेका कारण उनले आइतवार पदबाट राजीनामा गरेका हुन् । यद्यपि क्याम्पस प्रमुख डा चौरसियाले राजीनामा गर्नुको कारण स्वास्थ्य समस्या जनाएका छन् ।

उनले स्वास्थ्य अवस्थाले गर्दा क्याम्पसमा समय दिन असमर्थ भएको कारण आजको मितिदेखि लागू हुने गरी राजीनामा गरेको र सोही अवधिलाई मान्य गर्न स्वीकृत गर्न त्रिविका उपकुलपति तथा अध्यक्षलाई राजीनामापत्र पठाएका छन् ।

डा चौरसियाले राजीनामा दिनुपर्ने कारण स्वास्थ्य देखाए पनि ठाराब क्याम्पसमा स्ववियुको निर्वाचनलगायतका विषयमा बारम्बार विवाद हुने गरेको र समस्याको समाधान खोज्ने प्रयास हुँदा पनि राजनीतिक तथा व्यक्तिगत स्वार्थका कारण समस्याहरु बल्झिंदै गएपछि उनले राजीनामा गरेको भरपर्दो स्रोतले जनाएको छ ।



प्रवेशपत्र लिन गएका विद्यार्थीहरू अलपत्र अवस्थामा । तस्वीरः प्रतीक



धर्नामा बसेका विद्यार्थीहरू ।

# गढीमाई घटनाः १६ जना पक्राउ

प्रस, रौतहट, ३ वैशाख/

गढीमाई नगरपालिकाबाट १६ जनालाई प्रहरीले पक्राउ गरेको छ । शनिवार बाटो विस्तार गर्ने क्रममा गढीमाई नगरपालिका–८ धोबिनियामा विवाद हुँदा गोली लागेर स्थानीय ५० वर्षीय रामकुमारराय यादवको मृत्यु भएको थियो भने निरञ्जनराय यादव, प्रताप यादवसहित तीनजना घाइते भएका थिए ।

सो घटनामा संलग्न भएको आरोपमा १६ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

घटनामा संलग्न भएको आशङ्कामा स्थानीय रामसेवक राय, लालबाबू यादव, दिनेश यादव, मिथिलेश यादव, विनेश यादव, बच्चा गिरी, श्याम यादव, प्रदीप यादव, उमेश यादवलगायत पक्राउ परेका छन् ।

धोबिनियाको साँघुरो बाटोलाई गढीमाई नपाले चौडा गर्ने क्रममा स्थानीयबीच विवाद हुँदा घटना भएको प्रहरीले जनाएको छ ।

## विचारसार र सूक्तिहरू

**आफ्ना गलतीहरूका साथ सङ्घर्ष गर्नु नै जीवन हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# म्यान्मामा नरसंहार

**म्यान्माको सेनाले बितेको मङ्गलवार गरेको हवाई हमलामा १३३ जना हताहत भए । मृत्यु हुनेमा महिला र बालबालिकासमेत छन् । सेनाको आक्रमणमा २० जना बालबालिकाले ज्यान गुमाएका र ५० जनाभन्दा बढी घाइते भएका अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूले जनाएका छन् । दुई वर्षअघि सैन्य शक्तिबाट देशको शासन सत्ता कब्जा गरेको सेनाले पहिलोपटक यति घातक एवं भीषण आक्रमण गरेको हो । सैन्य सरकार विरोधी प्रजातन्त्रका पक्षधरहरूले एउटा गाउँमा आयोजना गरेको शान्तिपूर्ण कार्यक्रममा सैन्य विमानबाट अन्धाधुन्द बमबारी गरेको प्रजातन्त्र पक्षधरको भनाइ छ । त्यहाँका सैन्य सरकारले भने घातक हातहतियारसहित भेला भई सरकारविरोधी गतिविधि गरेकाले कारबाई गरिएको प्रस्टीकरण दिएको छ । सरकारविरोधी गतिविधिलाई अझ निस्तेज गरिने सेनाले चेतावनी दिएको छ ।**

**यसअघि म्यान्माको सैन्य सरकारका प्रमुखले देशभित्र सशस्त्र प्रतिरोध गरिरहेका समूहहरूको गतिविधिलाई "आतङ्क" को सङ्ज्ञा दिंदै उनीहरूमाथि निर्णायक कारबाही गर्ने घोषणा गरेका थिए । सेनाप्रमुख मिन ओङ ह्लाइङले म्यान्मामा मानवअधिकारको अवस्थाबारे प्रश्न उठाउने देशहरूलाई पनि "आतङ्कको मतियार" भएको आरोप लगाएका छन् । सन् २०२१ मा सेनाले देशको शासनसत्ता फेरि आफ्नो हातमा लिएपछि म्यान्मामा गृहयुद्ध चर्किएको हो । यस अवधिमा करीब पाँच हजारजनाको ज्यान गइसकेको छ । १२ लाखभन्दा बढी विस्थापित भएका छन्,भने ७० हजारभन्दा बढीले मुलुक नै छाडिसकेका छन् । जस्तोसुकै क्षति भएपनि म्यान्माको सेनाले आफ्नो शासनको विरोध गर्नेहरूविरुद्धको लडाइँ नरोक्ने चेतावनी दिएको छ । आतङ्कारीहरूविरुद्ध लड्न महत्त्वपूर्ण शहरहरूमा सैन्य कानून कडाइपूर्वक लागू गर्ने त्यहाँको सेना प्रमुखले बताए लगत्तै १३३ जनाको ज्यान लिने गरी कारबाई भएको हो । निर्वाचन हुने र निर्वाचित भएर आउने पक्षलाई सत्ता हस्तान्तरण गर्ने घोषना सेना प्रमुख ह्लाइङलले गरेको भए तापनि उनको दमनकारी गतिविधिले घोषणालाई केवल कथनीमा मात्र सीमित राख्ने स्पष्ट छ । द्वन्द्वका कारण चुनाव कहिले हुने निश्चित छैन । चुनाव भइहाल्यो भने पनि सैन्य सरकारको इच्छा बमोजिमको परिणाम आउने पक्का छ । किनभने उक्त मुलुकमा अमेरिकालगायतका ठूला र शक्तिशाली राष्ट्रहरूले जति विरोध गरे पनि सैन्य सरकार टसमस गरेको छैन ।**

**यद्यपि, म्यान्मामा सेनाविरुद्धको प्रदर्शन जारी छ । प्रजातन्त्र खोज्दै हिंडिरहेका स्वतन्त्र नागरिकमाथि क्रूर सेनाको दमन पनि थपिंदो छ । चीन, थाइल्यान्ड, लाओस्, बङ्गलादेश र भारतजस्ता विशाल राष्ट्रले घेरिएको एउटा सुन्दर मुलुक बर्मा अर्थात् म्यान्मा, जहाँ देशभर गृहयुद्धको राँको दन्किरहेको छ । प्रजातन्त्रका पक्षधरसँगै वर्षौंखि स्वायत्तताका लागि लडिरहेका जातीय सशस्त्र समूह पनि युद्ध मैदानमै छन् । "म्यान्मारमा सबथोक छ, तर शान्ति र स्वतन्त्रता छैन," भन्ने विश्वव्यापी स्लोगन नै बनिसकेको छ । सेनाविरुद्धको आन्दोलनको अग्रपङ्क्तिमा वीर गोर्खाली अर्थात् नेपालीभाषी पनि छन् । प्रदर्शनका क्रममा एक दर्जन नेपालीभाषीले पनि ज्यान गुमाइसकेका छन् । यद्यपि लोकतन्त्र पक्षधर मुलुकहरू धेरैले मौनता साँधीरहेका छन् । त्यसमध्येमा हाम्रो मुलुक नेपाल पनि पर्छ । झिक्रले मुढा डढ्छ । प्रजातन्त्रवादी मुलुकहरूले म्यानमाको नरसंहारविरुद्ध आवाज बुलन्द गर्ने हो भने उसले सोच्न बाध्य हुनेछ ।**

# जनसङ्ख्या वृद्धि : एक वैश्विक समस्या

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**यदि शिक्षा गुणस्तरीय भएन, रोजगारको अवसर सीमित भयो, स्वास्थ्य र आर्थिक सुरक्षा उपलब्ध भएन भने कार्यशील जनसङ्ख्याले अभिशापको रूप धारण गर्न सक्छ। अर्थात् भ्रष्टाचारमा वृद्धि हुन्छ । विधिको शासन लागू हुन सक्दैन र लोकतन्त्र नै खतरामा पर्छ ।**

जनसङ्ख्या वृद्धि आज सम्पूर्ण विश्वको लागि चुनौतीको विषय रहेको छ । यस चुनौतीको सामना गर्न सम्पूर्ण विश्व एकजुट हुनु आवश्यक छ किनभने यसको समाधान हामी सबै मिलेर नै गर्न सक्छौं । बढी जनसङ्ख्या व्यवस्थापनका लागि बढी संसाधन आवश्यक पर्दछ । एउटा विकसित राष्ट्रले आफ्नो नागरिकलाई सजिलै बढी संसाधन उपलब्ध गराउन सक्छ तर विकासशील देशहरूलाई कैयन प्रकारका समस्याको सामना गर्नुपर्ने हुन्छ । त्यसपछि पनि विकासशील देशको हरेक आवश्यकताको पूर्ति हुँदैन ।

विकासशील देशका नागरिकहरूको आवश्यकता पूर्ति नहुनुको कारण मूल कारण गरीबी हो किनभने अपर्याप्त भोजनबाट शारीरिक दुर्बलता र शारीरिक दुर्बलताको कारण कम उत्पादन र कम उत्पादनले गर्दा गरीब झन् गरीब हुँदै जान्छ । यसबाट अन्य क्षेत्रमा पनि निराशाजनक समस्या उत्पन्न भइरहेको छ । अर्थको कमीले गर्दा कृषि, पशुपालन र उद्योगमा पनि उन्नति भइरहेको छैन । मानिसहरू जसोतसो जीवनयापन गरिरहेका छन् । कुनै पनि देशको शक्तिको आकलन त्यहाँ बसोवास गर्ने नागरिकको सामर्थ्यले हुन्छ तर यो त्यस बेला मात्र निश्चित हुन्छ, जब उनीहरूसँग जीवनयापनको लागि हरेक किसिमको साधन उपलब्ध होस् । जनसङ्ख्या वृद्धि एउटा विस्फोटक समस्या हो जसले उत्पादनभन्दा बढीको माग गर्दछ । हामी नेपालीले जति कोशिश गरे पनि अभाव कम गर्न सकिरहेका छैनौं । जनसङ्ख्या वृद्धिले गर्दा बेरोजगारी, बेकारी र पलायनजस्ता समस्या उत्पन्न भएको छ ।

यी कुरालाई ध्यानमा राखेर यसप्रति जागरुकता फैलाउन आवश्यक छ । वास्तवमा ११ जुलाई सन् १९८७ सम्म वैश्विक जनसङ्ख्याको तथ्याङ्क ५ अर्ब पार गरिसकेको थियो । जसलाई मध्यनजर गरी वैश्विक हितलाई ध्यानमा राखेर प्रतिवर्ष ११ जुलाईका दिन विश्वभरि जनसङ्ख्या दिवस मनाउन थालियो । देश र विश्वमा निरन्तर भइरहेको जनसङ्ख्या वृद्धिलाई दृष्टिगत गरी जनसङ्ख्या दिवसको अवसरमा यसप्रति जागरुकता र सँगसँगै यसबाट हुने दुष्परिणामबारे समेत आम नागरिकलाई जागरुक र सचेत गर्ने प्रयास हुँदै आएको छ । एउटा तथ्याङ्कले सन् २०१९ मा चीनको १.४३ बिलियन र भारतको १.३७ बिलियन जनसङ्ख्या विश्वको कुल जनसङ्ख्याको १९ प्रतिशत र १८ प्रतिशत देखाएको छ । जुन गतिले विश्वको जनसङ्ख्या वृद्धि भइरहेको छ यसबाट मानिसको स्थिति झन् जटिल र दयनीय हुने सङ्केत गरेको छ ।

नेपाल एउटा कृषिप्रधान देश हो । यहाँको ६६ प्रतिशत मानिस कृषिमा निर्भर छ, तर कृषि उद्योगमा पनि त्यो क्षमता रहेन जसले सीमित घेराभन्दा बाहिर गएर मानिसको भार वहन गर्न सकोस् । उद्योग तथा जागीरमा पनि थोरै मानिस खप्न सक्छन् । यस परिवेशमा बेरोजगारी र पलायन पनि प्रतिवर्ष बढिरहेको छ । प्रसिद्ध अर्थशास्त्री माल्थसका अनुसार जुन गतिलेले जनसङ्ख्या वृद्धि भइरहेको छ, त्यस गतिले उत्पादन बढाउन सकिंदैन । यस कारण बुझ्ने मानिसको कर्तव्य आआफ्नो समाजमा अनावश्यक जनसङ्ख्या बढ्नबाट रोक्नु हो ।

कुनै पनि मुलुकको विकासका लागि त्यहाँको नागरिकको जीवनशैली माथि हुनु आवश्यक छ र नागरिकको जीवनस्तर उकास्नको लागि हाम्रो लोकतान्त्रिक सरकारले प्रयत्न गर्नुपर्छ । अशिक्षा र गरीबीले पीडित मानिस कहिल्यै पनि कुनै देशको ताकत बन्न सक्दैन । कि जनसङ्ख्याको अनुपातमा साधन उत्पन्न गर्नुपर्छ वा साधन अनुरूप जनसङ्ख्या व्यवस्थित गर्नुपर्छ । यदि साधन र जनसङ्ख्याबीच सन्तुलन छैन भने त्यसलाई सन्तुलन गर्नु आवश्यक हुन्छ र साधनको तुलनामा यदि जनसङ्ख्या बढ्छ भने यसको परिणाम अशिक्षा, बेरोजगारी र गरीबी नै हुन्छ ।

सन्तानको स्याहारसुसार र शिक्षाको लागि कुनै पनि परिवारको आर्थिक स्थिति राम्रो हुनु आवश्यक छ तर जनसङ्ख्या वृद्धिले गर्दा यस प्रकारको सामर्थ्य थोरै मानिसहरूसँग छ । एउटा लोकोक्ति के छ भने यदि अतिथिलाई राख्ने र खुवाउने क्षमता छैन भने उनलाई आमन्त्रित गर्नु हुँदैन । भोकमरी, गरीबी र अशिक्षाको कारण सन्तानलाई घरमैं बसाएर राख्नु कुनै पनि विवेकशील अभिभावकका लागि लाजलाग्दो कुरो हो । यस कारण प्रत्येक परिवारले राष्ट्रको समस्यालाई समेत ध्यानमा राखेर सन्तानोत्पत्तिलाई सीमाबद्ध गर्ने ख्याल गर्नुपर्छ । हाम्रो सरकारले पनि जनसङ्ख्या वृद्धि नियन्त्रण गर्नको लागि समय-समयमा विभिन्न प्रकारको सूचना जारी गरिरहन्छ किनभने यो कुनै स्यानो समस्या होइन । अहिले पनि विज्ञापन सन्देशजस्तै 'स्यानो परिवार, सुखी परिवार', 'हामी दुई, हाम्रा दुई' जस्ता नाराको माध्यमले जनसङ्ख्या वृद्धि रोक्न जागरुकता फैलाइन्छ । तर अशिक्षाले गर्दा यस प्रयासमा सक्दो सफलता हासिल भइरहेको छैन । हिजोआज सामाजिक शिक्षाको माध्यमले सानै उमेरदेखि यस सम्बन्धमा जागरुक गराउने प्रयास जारी रहेको छ । त्यहीं अर्कोतर्फ परिवार नियोजनको माध्यमले पनि जनसङ्ख्या नियन्त्रण गर्न बेग्लै प्रकारको प्रयास पनि भइरहेको छ ।

विश्व जनसङ्ख्या दिवस मनाउने पहिलो कारण जनसङ्ख्या वृद्धिप्रति विश्व समुदायलाई जागरुक गर्नु थियो तर छिट्टै परिवर्तन देखा परेन । जसैजसै समय परिवर्तन हुँदै गयो, प्रयास जारी रह्यो र पीढी पनि परिवर्तन हुँदै गयो त्यसपछि वर्तमान पीढीमा परिवर्तन देखापरिरहेको छ । आज धेरैजसोले पारिवारिक विचार विमर्शपछि परिवार नियोजन गर्ने गरेको अनुभवले देखाएको छ । केही परिवार त अब एउटै बच्चामा सीमित हुन थालेको छ । जनसङ्ख्या दिवस र पाठ्यक्रममा यो विषय समावेश भएपछि मानिसहरू खुलेर यस विषयमा कुराकानी गर्न थालेका छन् । यसबारे जागरुकता फैलाउन र्यालीहरूको पनि आयोजन गर्ने गरेका छन् । यो जनचेतना विद्यालयमा पढ्ने केटाकेटीहरूलाई समेत प्रदान गरिन्छ । परिणामस्वरूप बाल्यकालदेखि नै उनीहरू बढी जनसङ्ख्या भनेको, धेरै संसाधन जुन विकासशील व्यक्ति र देश दुवैको लागि एउटा चुनौती हो, भन्ने बुझ्न थालेका छन् ।

कुनै पनि देशमा युवा र कार्यशील जनसङ्ख्या र यसबाट हुने आर्थिक लाभलाई जनसङ्ख्याको लाभको रूपमा हेरिन्छ । वर्तमान नेपाल युवा पलायनको समस्याले ग्रसित छ । यदि युवा पलायनलाई रोक्न सकियो भने वा यसको समुचित उपयोग नेपालको अर्थ व्यवस्थालाई गति दिन गर्न सकियो भने यसबाट नेपाललाई नै लाभ हासिल हुन्छ । तर यदि शिक्षा गुणस्तरीय भएन, रोजगारको अवसर सीमित भयो, स्वास्थ्य र आर्थिक सुरक्षाको साधन उपलब्ध भएन, यसमा सुधार भएन भने कार्यशील जनसङ्ख्याले अभिशापको रूप धारण गर्न सक्छ । अर्थात् भ्रष्टाचारमा वृद्धि हुन्छ । विधिको शासन लागू हुन सक्दैन र लोकतन्त्र नै खतरामा पर्छ । यस परिवेशमा यदि जनसङ्ख्या वृद्धि नियन्त्रण गर्न सकिएन भने स्थिति झन्-झन् भयावह र जटिल हुँदै जान्छ ।

जनसङ्ख्या वृद्धि एउटा नयाँ चुनौतीको रूपमा हामी सबैको सामु उपस्थित भएको छ र आज पनि यसलाई नियन्त्रण गर्न सरकारलाई कठिनाई भइरहेको छ । बढी जनसङ्ख्याको कारण बेरोजगारीको समस्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । मानिसहरूको बसोवासका लागि कृषियोग्य भूमि र जङ्गलको फडानी भइरहेको छ । यदि यसैगरी जनसङ्ख्या वृद्धि हुँदै रह्यो भने मानिसहरू समक्ष गाँस, बास, कपासको विकराल स्थिति उत्पन्न हुन सक्छ । यसबाट बच्ने एकमात्र उपाय के हो भने जसरी भए पनि बढी रहेको जनसङ्ख्यालाई नियन्त्रण गर्नुपर्छ । अन्यथा विकासमा विनाशले ग्रहण लगाउन बेर लगाउँदैन । यस सम्बन्धमा सबैको सहमतिबाट जनसङ्ख्या नियन्त्रण कानून ल्याउन सरकारको तर्फबाट खाँचो रहेको छ । जनसङ्ख्या वृद्धिको गतिलाई न्यून गर्नुमा नै नेपालको सुख र समृद्धि निर्भर छ । यो कुरा केही मानिसलाई तीतो लाग्न सक्छ तर सत्य के हो भने यदि आज जनसङ्ख्या नियन्त्रणका लागि कुनै कठोर पाइला चालिएन भने एक दिन त्यो पनि आउन सक्छ, जब जीवित रहनको लागि अरूको हत्या गर्नुपर्ने हुन्छ ।

# पानी नपरेपछि गुजाराको चिन्ता

महोत्तरी, ३ वैशाख/रासस

वैशाखे तरकारीका लहरा कक्रिंदै र सुक्दै गएपछि यहाँका तरकारी उत्पादक भङ्गाहा-४ का किसान बहुरा महतो भन्छन्-"पानी पर्दैन, इनार धमाधम सुके, अब के गरौं ?" बारीमा लहलह बढ्नुपर्ने

प्रतीकात्मक तस्वीर



किसान गुजाराको चिन्ताले पिरोलिएका छन् । वैशाख लाग्नेबित्तिकै बढेको रापले उत्पादन दिने बेलाका तरकारीका लहरा र बोट सुक्दै गएकाले किसानको चिन्ता बढेको हो ।

"खेतबारीमा भन्टा, परवल, घिरौंला, झिंगनी, रामतोरिया, करैला, फर्सी र लौकालगायत तरकारी फसल पानीको अभावमा सुकिरहेका छन्"- तरकारीका लहरा र बोट सुकेर कक्रिंदै गएपछि गुजारा कसरी गर्ने भन्ने चिन्ता बढेको उनी बताउँछन् । परवल, घिरौंला, झिंगनी, करैला, फर्सी र लौका यसै यामका मुख्य लहरे तरकारी बाली हुन् । खुर्सानी, भन्टा र रामतोरियाका बोट पनि फल्ने बेलामा घामको रापले कक्रिंदै गएका छन् ।

यसपालि हिउँदभर पानी नपरेकोले सिंचाइका लागि प्रयोग गरिने पानीका मुहान खोल्साखोल्सी, इनार र बोरिङ चाँडै सुकेका छन् । गत चैतमा छिटपुट पानी परे पनि त्यसयता बढेको गर्मीले माटो सुकेको कृषक महतोको भनाइ छ ।

प्रत्येक साता सिंचाइ गर्नुपर्ने भए पनि पानीको अभावले बाली सुक्दै गएको छ । जिल्लाका बर्दिवास, भङ्गाहा, गौशाला, मटिहानी र बलवा नगरपालिकाका बस्ती तरकारी खेतीमा पकेट क्षेत्रका रूपमा मानिन्छन् । आफ्नै गाउँठाउँ भएर बग्ने रातु नदी सिंचाइका लागि प्रयोगमा ल्याउन सके वरदान साबित हुने भन्दै नदीले बर्सेनि उर्वर खेतबारी कटान गरेर थप समस्या निम्ताउने गरेको बर्दिवास-९ पशुपतिनगरका किसान महेन्द्रसिंह कुशवाहा बताउँछन् ।

स्थायी सिंचाइको अन्य कुनै व्यवस्था नभएको र अहिलेको लामो खडेरीले गाउँबस्तीका इनार धमाधम सुकेपछि पम्पसेट (इनारबाट पानी तान्ने मोटर)को काम पनि सकिएको किसानहरूको गुनासो छ । हिउँदे वर्षा नहुँदा यसपाली चाँडै पानीका मूहान सुकेपछि सिंचाइ मात्र नभई खानेपानीको समेत सङ्कट बढ्ने सर्वसाधारणले बताए । नागरिकको समस्या सरकार र सम्बद्ध निकायले

(बाँकी पाँचौं पातामा)

# प्रतितोला रु आठ सयले घट्यो सुनको मूल्य

काठमाडौं, ३ वैशाख/रासस

नेपाली बजारमा सुनको मूल्य घटेको छ ।

चैत ३० मा छापावाल सुन प्रतितोला रु १,१०,८०० मूल्य कायम भएकोमा आज रु ८०० घटेर प्रतितोला रु ११० हजार कायम भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला १,०९,५०० कायम भएको छ भने चाँदी प्रतितोला १,४५० कायम भएको छ ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वर्ष २०७९ : प्रणालीमा थपियो पाँच सय मेगावाट बिजुली

–रमेश लम्साल
काठमाडौं, ३ वैशाख/रासस

आर्थिक समृद्धिको आधारस्तम्भका रूपमा रहेको ऊर्जा क्षेत्रको विकास र विस्तारमा सरकार र निजी क्षेत्रले काँधमा काँध मिलाउँदै कामलाई गति दिएका कारण सकारात्मक नतीजा निस्कन थालेको छ । वर्ष २०७९ हालै हामीबाट बिदा भएको छ । वर्ष दिनभरिमा मुलुकको प्रणालीमा झन्डै पाँच सय मेगावाट बिजुली थप भएको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार प्रणालीमा बिजुली थप हुने क्रम क्रमशः वृद्धि भएको छ । यही अवस्था कायम रहे आगामी असार मसान्तसम्म मुलुकको कुल जडित क्षमता करीब तीन हजार मेगावाट बराबर पुग्नेछ ।


आन्तरिक खपतमा वृद्धि गर्दै ऊर्जा निर्यातमार्फत आर्थिक उपार्जन गर्न सरकारले प्रभावकारी पहल गरिरहेको छ । प्राधिकरणका अनुसार हालसम्म दुई हजार ६८९ मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा जोडिइसकेको छ । आगामी असारसम्म थप १५ वटा आयोजना निर्माण सम्पन्न हुनेछन् ।

त्यसमा प्राधिकरणका सहायक कम्पनीले निर्माण गरेका आयोजनासमेत छन् । सो वर्षभरि नै कुल १९ वटा आयोजना पूर्णरूपमा सञ्चालनमा आए । त्यस्तै, नौवटा आयोजना परीक्षणको अन्तिम चरणमा पुगेका छन् ।

ती आयोजनाको बिजुलीसमेत प्रणालीमा जोडिसकेको छ । यो वर्ष प्रणालीमा जोडिएको जलविद्युत् परियोजनामध्ये निजी क्षेत्रले निर्माण गरेको सबैभन्दा ठूलो आयोजना हो, सोलुखोला दूधकोशी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेका आयोजना साहस ऊर्जाले निर्माण गरेको हो । सो आयोजनाले गत फागुन १७ गतेदेखि व्यापारिक उत्पादन शुरू गरेको हो ।

प्रणालीमा जलविद्युत् आयोजनाका अलावा सौर्य परियोजनासमेत जोडिएका छन् । गत वर्ष ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीलगायतका आयोजना प्रणालीमा जोडिंदा त्यसले मुलुकको ऊर्जा क्षेत्रमा नै रणनीतिक परिवर्तन गरिदिएको थियो ।

वर्षायाममा पूर्णरूपमा बिजुलीमा आत्मनिर्भर बनेको मुलुक क्रमशः हिउँदमा समेत सहज अवस्थामा पुग्न लागेको छ ।


तस्वीरः रासस

निर्माणका क्रममा रहेका तीन हजार २८० मेगावाट क्षमताका आयोजना निर्माणका विभिन्न चरणमा छन् ।

ती सबै आयोजना निर्माण सम्पन्न हुँदा प्रणालीमा झन्डै सात हजार मेगावाट बराबर बिजुली पुग्नेछ । प्राधिकरणले आगामी वर्षायाममा झन्डै एक हजार दुई सय मेगावाट बराबरको बिजुली बिक्रीका लागि तयारी गरिरहेको छ । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)का अनुसार निजी क्षेत्रले प्रवर्द्धन गरेका केही आयोजना हाल परीक्षण उत्पादनको क्रममा छन् ।

ती आयोजनाले प्राधिकरणका कर्मचारीको उपस्थितिमा १५ दिन परीक्षण उत्पादन गरेपछि व्यावसायिक उत्पादन शुरू गर्नेछन् । बेनी हाइड्रोपावरले प्रवर्द्धन गरेको माथिल्लो सोलु खोला जलविद्युत् आयोजनाको परीक्षण अन्तिम चरणमा छ ।

कम्पनीका प्रबन्ध निर्देशक गणेश कार्कीका अनुसार आयोजनाको बिजुली प्रणालीमा जोडिइसकेको र केही दिनभित्रैमा व्यावसायिक उत्पादन शुरू हुनेछ । माथिल्लो सोलु १९ दशमलव आठ मेगावाट क्षमताको आयोजना हो ।

प्राधिकरणका अनुसार सङ्खुवासभाको माया खोला १४ दशमलव नौ मेगावाट क्षमताको आयोजनाले परीक्षण उत्पादन सम्पन्न गरी व्यावसायिक उत्पादन शुरू गर्दैछ । यस्तै, रूकुमको रूकुमगाड पाँच मेगावाट, सिन्धुपाल्चोकको घट्टेखोला झन्डै एक मेगावाट पनि व्यावसायिक उत्पादन थाल्दैछ । लमजुङको सुपर दोर्दी 'ख' ५४ मेगावाट, नवलपरासीको सौर्य परियोजना दुई मेगावाट पनि प्रणालीमा जोडिसकेका छन् ।

त्यस्तै, मोरङको छ दशमलव आठ मेगावाट र बाँकेमा आयोजनास्थल रहेको १० मेगावाट क्षमताको सौर्य परियोजनाको बिजुली पनि प्रणालीमा जोडिएका छन् । परीक्षण उत्पादन भइरहेको अधिकांश आयोजनाबाट बिजुली प्रणालीमा आइरहेकाले प्राधिकरणलाई बिजुली व्यवस्थापनमा सहज भइरहेको छ ।

प्राधिकरणका अनुसार १० मेगावाट क्षमताको मकरीगाड आयोजनाले पनि यसै वर्ष व्यावसायिक उत्पादन शुरू गरेको हो । दार्चुलामा आयोजनास्थल रहेको सो आयोजनाले सुदूरपश्चिम प्रदेशको बिजुली व्यवस्थापनमा सहयोग पुगेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालू आर्थिक वर्षको अन्त्यसम्म रसुवागढी, सान्जेन र मध्यभोटेकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न गर्न सम्बद्ध निर्माण व्यवसायीलाई यसअघि नै निर्देशन दिइसकेका छन् ।

ती आयोजना सार्वजनिक–निजी साझेदारीमा निर्माण भइरहेका छन् । कुल १११ मेगावाट क्षमताको रसुवागढी, माथिल्लो र तल्लो सान्जेन ५७ मेगावाट र १०२ मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको बिजुली प्रणालीमा जोडिएपछि त्यसले थप सकारात्मक प्रभाव पार्नेछ ।

वर्ष २०७९ मा प्राधिकरणले ४२५ मेगावाट बराबरको बिजुली भारत निर्यात गरेको थियो । प्राधिकरणले बिजुली निर्यातबाट मात्रै चालू आवमा रु आठ अर्ब ४४ करोड बराबरको आम्दानी गरेको छ । यस वर्ष बर्खामा बढी हुने एक हजार दुई सय मेगावाट बिजुली निर्यात गर्ने तयारी भइरहेको छ ।

यस्तै, वर्ष २०७९ मा भारतसँग ऊर्जा व्यापारका लागि महत्त्वपूर्ण संवाद भएको थियो । बङ्गलादेशमा पनि प्रारम्भिकरूपमा ५० मेगावाट बिजुली निर्यात गर्ने सम्झौता भएको छ । न्यू बुटवल गोरखपुर चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणको प्रक्रिया अगाडि बढेको छ । त्यस्तै, सरकारले एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी दर्ता गरेर प्रक्रिया अगाडि बढाएको छ । केही ठूला आयोजना निर्माणका लागि भारतीय कम्पनीले चासो देखाएका छन् । कुल ७५० मेगावाट क्षमताको पश्चिम सेती र ४५० मेगावाट क्षमताको सेती नदी–६ आयोजनामा भारतीय कम्पनी एनएचपिसीले निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ । ऊर्जा क्षेत्रमा क्रमशः वैदेशिक लगानी आकर्षित भइरहेको छ ।

यस्तै, आन्तरिकरूपमा स्वदेशी लगानीकर्ताले नै एक हजार ५५३ मेगावाट बराबरका आयोजना निर्माणमा लैजाने तयारी गरिरहेको इपानका कार्यकारी सदस्य प्रकाश दुलालको भनाइ छ । निर्माणाधीन र निर्माणमा जाने तयारीमा रहेका आयोजनाको कुल क्षमता मात्रै चार हजार ८३४ मेगावाट बराबर छ ।

त्यस्तै, झन्डै ९६ दशमलव पाँच प्रतिशत घरधुरीमा बिजुली पुगेको छ । यस आधारमा हेर्दा गत वर्ष नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्त्वपूर्ण वर्षको परिचय बनाएर हामीबाट बिदा भएको छ ।

# मन्त्री साउदले लिए शपथ

काठमाडौं, ३ वैशाख/रासस

राष्ट्रपति रामचन्द्र पौडेलबाट नवनियुक्त परराष्ट्रमन्त्री नारायणप्रकाश (एनपी) साउदले शपथ लिनुभएको छ ।


राष्ट्रपति रामचन्द्र पौडेल राष्ट्रपति भवन शीतलनिवासमा आइतबार आयोजित समारोहमा नारायणप्रकाश साउदलाई पद तथा गोपनीयताको शपथ गराउँदै । तस्वीरः रासस

राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले मन्त्री साउदलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो । नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य साउदलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आजै परराष्ट्रमन्त्रीमा नियुक्त गरेका हो ।

शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री दाहाल, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित हुनुहुनथ्यो । आजै मन्त्री साउदले मन्त्रालय पुगी पदभार सम्हाल्नुभएको छ ।

कांग्रेस केन्द्रीय सदस्य साउद यसअघि २०७० सालमा सिंचाईमन्त्री र विसं २०५७ मा शिक्षा तथा खेलकुद राज्यमन्त्री हुनुभएको थियो । कांग्रेस नेता साउँद विसं २०५६ र २०७० मा कञ्चरपुरको क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँ गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा कञ्चनपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

विसं २०३६ मा नेपाल विद्यार्थी सङघ (नेविसङघ) सँग जोडिएर राजनीतिमा होमिनुभएका उहाँ विसं २०४३ मा नेविसङघको उपसभापति हुँदै २०४८ सालमा केन्द्रीय सभापति हुनुभएको थियो । पिता खड्गसिंह साउद र माता कौशिल्यादेवी साउदको कोखबाट विसं २०१९ साउन २५ गते (सन् ९ अगष्ट, १९६२) डडेल्धुरामा जन्मनुभएका उहाँको स्थायी ठेगाना कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–६ हो ।

उहाँले भारत, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, संयुक्त अधिराज्य, बेल्जियम, नेदरल्याण्ड्स, डेनमार्क, फ्रान्स, जर्मनी, फिलिपिन्स, दक्षिण कोरिया, इजिप्ट, जापान, सिङ्गापुर, कतार, थाइल्याण्डलगायत देशको भ्रमण गरेका छ ।

### प्रधानमन्त्री दाहालबाट राज्यमन्त्री चपाईंले लिनुभयो शपथ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट नवनियुक्त भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री ननदा चपाईंले शपथ लिनुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित विशेष समारोहमा प्रधानमन्त्री दाहालले राज्यमन्त्री चपाईंलाई शपथ गराउनुभएको हो । नेकपा (एकीकृत समाजवादी) का नेता एवं राष्ट्रियसभा सदस्य चपाईंलाई प्रधानमन्त्री दाहालले आजै राज्यमन्त्रीमा नियुक्त गरेका हो ।

शपथ समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित हुनुहुनथ्यो । आजै राज्यमन्त्री चपाईंले मन्त्रालय पुगी पदभार सम्हाल्नुभएको छ ।

# झिनो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाडौं, ३ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक दुई दशमलव ८० अङ्कले घटेर एक हजार ९३१ दशमलव ६८ मा सीमित भएको छ ।

ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २६ अङ्कले ओरालो लागेर ३६७ दशमलव ७३ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्यमा वृद्धि हुँदा नौ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ ।

कारोबार भएका ७० कम्पनीको शेयर मूल्यमा वृद्धि हुँदा १३९ कम्पनीको शेयर मूल्यमा गिरावट आएको छ । कुल ३० लाख ५६ हजार ७७५ कित्ता शेयर रु ९७ करोड ४५ लाख ९९ हजार ६१ मूल्यमा खरीद–बिक्री भएका छन् ।

कारोबार रकमका आधारमा सोल्टी होटल शीर्ष स्थानमा रह्यो । सो कम्पनीको रु चीन करोड ८९ लाख चार हजार ४०९ बराबरको शेयर खरीद–बिक्री भए ।

एनआइसी एशिया बैंक रु तीन करोड ६४ लाख ९८ हजार ७५०, शिवम् सिमेन्ट रु तीन करोड १७ लाख २० हजार ७०७, हिमालयन डिस्टिलरी रु दुई करोड ७९ लाख ९४ हजार ४५५ र सगरमाथा जलविद्युत् कम्पनी रु दुई करोड ७२ लाख ३३ हजार १६५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आदर्श लघुवित्त, मैलुङ हाइड्रोपावरको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले उकालो लाग्दा कालिञ्चोक दर्शन लिमिटेड नौ दशमलव ९८, तारागाउँ रिजेन्सी होटल सात दशमलव ४३ र धौलागिरि लघुवित्तको शेयर मूल्य पाँच दशमलव ६४ प्रतिशतले घटेका छन् ।

त्यस्तै, एशियन हाइड्रोपावर सात दशमलव ८३, सगरमाथा जलविद्युत् कम्पनी छ दशमलव ७६, आरबिबी म्युचुअल फन्ड १५ दशमलव १३, माहुली लघुवित्त चार दशमलव ५९ र गरिमा विकास लघुवित्तको शेयर मूल्य चार दशमलव ४२ प्रतिशतले घटेका छन् ।


**दाउराको कुन्यूः** सङ्खुवासभाको अरुणथानका स्थानीयवासीले बर्खाका लागि कुन्यू लगाएर जोहो गरेका दाउरा । दाउरा ग्रामीण भेगमा खाना पकाउन प्रयोग गरिन्छ । तस्वीरः प्रतीक

# डढेलोले देशभर वायु प्रदूषण बढ्दै

काठमाडौं, ३ वैशाख/रासस

हाल केही दिन यतादेखि देशका विभिन्न ठाउँमा लागेको डढेलोका कारण देशभर वायु प्रदूषण बढेको छ । डढेलोकै कारण काठमाडौं उपत्यकासहित देशभर वायु प्रदूषण बढ्दै गएको र केही दिनयता नेपालको वायु अस्वस्थकर बन्दै गएको वातावरण विभागले जनाएको छ ।

विभागका अनुसार अहिले पनि काठमाडौं उपत्यकामा रहेका सबैजसो वायु प्रदूषण मापन केन्द्रले हावा प्रदूषित भएको जनाएका छन् । काठमाडौं विश्वकै प्रदूषित शहरको सूचीमा दोस्रो स्थानमा रहेको जनाइएको छ । आज बिहान ९:३० बजेको हावाको गुणस्तर मापक सूचक (एक्युआई) का अनुसार काठमाडौं दोस्रो सूचीमा रहेको हो ।

एक्युआई ५० भन्दा धेरै भएमा कमजोर स्वास्थ्य भएका समूह जोखिममा पर्छन् भने एक सयभन्दा माथि भएमा सबैका लागि अस्वस्थ हुन्छ । काठमाडौंको एक्युआई अहिले १९२ छ । सूचीको पहिलो स्थानमा थाइल्यान्डको च्याङमाइ शहर रहेको जनाइएको छ । च्याङमाइको एक्युआई २२२ छ । यसैगरी, तेस्रो स्थानमा भारतको दिल्ली, चौथोमा बङ्गलादेशको ढाका र पाँचौं स्थानमा भारतको कोलकाता छ ।

५१ देखि १०० सम्म एक्युआई मापन गरिएको वायु सामान्य अवस्थाको मानिन्छ । त्यसभन्दा माथिको एक्युआई अस्वस्थकर हुन्छ । एक्युआई तीन सयभन्दा माथि पुगेमा वायु प्रदूषण डरलाग्दो र घातक हुने बताइएको छ ।

# बारा–२ मा एमालेको जीत सुनिश्चित– उम्मेदवार पौडेल

प्रस, वीरगंज, ३ वैशाख/

बारा क्षेत्र नं २ मा एमालेबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार पुरुषोत्तम पौडेलले बारा २ मा एमालेको जीत सुनिश्चित रहेको बताएका छन् ।



तस्वीरः सौजन्य

करैयामाई गाउँपालिकाको मधुवन बजारमा आइतवार आयोजित चुनावीसभामा उनले यस क्षेत्रबाट जितेका सांसदले अहिलेसम्म धोका दिंदै आएको भन्दै आफूले त्यस्तो नगर्ने बताए । एमाले पोलिटब्युरो सदस्यसमेत रहेका पौडेलले बारा–२ को स्वास्थ्य, शिक्षा, खानेपानी र पूर्वाधार विकासको काम गर्ने बताए ।

कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य लालबाबू पण्डित, पोलिटब्युरो सदस्य अच्युत मैनाली, ज्वालाकुमारी साहलगायतले मन्तव्य व्यक्त गरेका थिए । रामाधार चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा बलवीर चौधरी, सरस्वती चौधरी, मञ्जु थापा, त्रिलोकी चौधरी, देवनारायण चौधरी, मनोज पौडेललगायतको सहभागिता थियो । यसैगरी, उम्मेदवार पौडेलले देवताल गापामा पनि घरदैलो कार्यक्रम गरेका थिए ।

# सामाजिक उद्यमशीलतामा नयाँ आयाम

–डिल्लीराम बाँस्तोला
काठमाडौं, ३ वैशाख/रासस

सामाजिक उद्यम के हो भन्ने सम्बन्धमा आजसम्म सर्वमान्य परिभाषा छैन । विश्वव्यापीरूपमा अवधारणागत अस्पष्टता छ, वा आफ्नै तवरले परिभाषित गर्ने गरिएको पाइन्छ । देश, समाज र परिवेश अनुरूप यसलाई फरकफरक तवरले हेरेको पाइन्छ । तथापि मूलतः नाफा वितरणको आधारमा सामाजिक उद्यम र निजी व्यवसायबीच फरक छुट्याउन सकिन्छ । सामाजिक उद्यमको ध्येय समाजको विकासमा योगदान गर्नु हो भने निजी व्यवसायको ध्येय आफ्ना शेयरवालाको नाफा वृद्धि गर्नु हो । अर्को शब्दमा भन्ने हो भने सामाजिक उद्यम भन्नाले स्वच्छ प्रतिस्पर्धामा आधारित व्यवसाय, वातावरणमैत्री व्यवसाय र समाजका सीमान्तकृत व्यक्तिलाई सहयोग गर्ने व्यवसाय भन्न सकिन्छ ।

सामाजिक उद्यम, बजारको एउटा यस्तो अवधारणा हो, जसले व्यवसायबाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्त्व दिन्छ । आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुनेगरी खर्च गर्नु नै सामाजिक उद्यम हो । यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छ सोही आधारमा मूल्याङ्कन गर्न सकिन्छ त्यसले आर्जन गरेको नाफाका आधारमा होइन । सामाजिक उद्यमलाई यसका विशेषताको आधारमा पनि बुझ्न सकिन्छ ।

अरूलाई सहयोग गर्नु, सामाजिक मूल्य सिर्जना गर्नु, सकारात्मक सामाजिक प्रभाव, दिगोपन, मूल्य मान्यतामा आधारित, नवप्रवर्द्धनका विशेषता हुन् । यस्ता संस्थाले पनि आर्थिक आत्मनिर्भर भई दिगोरूपमा संस्था सञ्चालन गर्न सीमित नाफाको उद्देश्य राख्दछन् । तथापि त्यस्तो आर्जित नाफा अरूको हितमा खर्च गर्ने र खासगरी आर्थिक सामाजिक रूपमा पछि परेका वा विशेष परिस्थिति परी आकस्मिक समस्यामा परेका व्यक्ति तथा समुदायको हिततर्फ लक्षित गरी खर्च गर्ने गरेको पाइन्छ । समाज विकासको क्रमसँगै समाज सुधारका विविध प्रयास हुँदै आएको पाइन्छ । वैदिक धर्म, संस्कृति र परम्परा अध्ययन गर्दा प्राचीनकालदेखि नै 'परोपकार पुण्याय पापाय परपीडनम्' जस्ता मूल्य मान्यताले समाजलाई निर्देशित गरी आएको पाइन्छ ।

आधुनिककालमा खासगरी सन् २००४ पछि चीनमा सामाजिक उद्यमसम्बन्धी नवीन अवधारणा सतहमा आएको हो । त्यसपछि विश्वका अन्य देशमा पनि यसको अभ्यास तीव्र हुन थाल्यो । विश्वका केही चर्चित सामाजिक उद्यममा अशोका, ग्रामीण विकास बैंक, ब्युटीफूल स्टोर, मलाला फन्ड, सेभेन्थ जेनेरेशन, टोम्स सु, सेफ प्वाइन्ट ट्रस्ट, आइफार्मर, वर्क फर इम्प्याक्ट, इरा ९२, नेस्ट, सिट्टी आदिलाई लिन सकिन्छ ।

नेपालमा प्राचीन समयदेखि कुनै न


तस्वीरः सौजन्य

कुनै प्रकारले सामाजिक–व्यावसायिक संस्था सञ्चालनमा रहेको पाइन्छ । गुठी प्रणालीलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । प्राचीनकाल, मल्लकाल र आधुनिककालमा समाज सुधारका क्षेत्रमा केही न केही कार्य हुँदै आएको पाइन्छ । समाज कल्याण ऐन २०३४ बमोजिम स्थापित समाज कल्याण परिषद्ले सामाजिक कल्याणसँग सम्बन्धित कार्यबाट देशको सर्वाङ्गीण विकासमा टेवा पु¥याउनका लागि सम्बन्धित मन्त्रालय तथा सामाजिक सङ्घ संस्थामार्फत समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको पाइन्छ । 'मन, वचन र कर्मले सेवा गरौं' भन्ने मूल मन्त्रका साथ स्थापित समाज कल्याण परिषद् अन्तर्गत हालसम्म ५०,३५८ स्थानीय गैरसरकारी संस्था र २७० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता भई कार्य गरिरहेका छन् ।

यी संस्थाहरूमध्ये ९५ प्रतिशतभन्दा बढी दातामुखी छन् । हालैका दिनमा अन्तर्राष्ट्रिय समुदायले गैरसरकारी संस्थालाई गर्ने सहयोगको मात्रा घटाउँदै लगेको परिवेशमा आत्मनिर्भर सामाजिक उद्यमको महत्त्व झनै बढ्दै जाने देखिन्छ । सामाजिक उद्यमसम्बन्धी अवधारणा नेपालको सन्दर्भमा नवीन विषय हो । नेपालमा औपचारिकरूपमा भने यो अवधारणा सन् २००८ तिर शुरू भएको हो । हाल शिक्षा बालस्वास्थ्य, वातावरण संरक्षण, महिला, फरक क्षमता भएका व्यक्ति, सामाजिक समस्या, युवा, विद्यार्थी, बेरोजगारी, गरीबी न्यूनीकरण, कृषिजन्य उत्पादन, नवीनतम प्रविधि, सीप विकास, हस्तकला, कृषिजस्ता क्षेत्रमा सामाजिक संस्था क्रियाशील रहेको पाइन्छ । नैतिक दृष्टान्त कवितामा कविशिरोमणि लेखनाथ पौड्यालले भनेका छन्–"मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा, एकता हेर कस्तो छ मौरीको महमा सदा" । यसै मान्यता अनुसार सामाजिक उद्यमका क्षेत्रमा सुखावती स्टोर, स्मार्ट पानी (पानीको दिगो व्यवस्थापन), बिरुवा भेन्चर (उद्यमशीलता प्रवर्द्धन परामर्श), बिहानी सोसियल भेन्चर (ज्येष्ठ नागरिक), एक्सन वर्क नेपाल (जोखिममा परेका तथा पिछडिएका समूह), एन्थ्रोपोज (मोतिविन्दु), छहारी सर्भिस (महिला सशक्तीकरण), डोको रिसाइकल (फोहर व्यवस्थापन) जस्ता संस्था क्रियाशील रहेका छन् ।

त्यसैगरी कम्युनिटी होमस्टे डप कम (पर्यटन प्रवर्द्धन), फ्रेन्ड्स ह्यान्डीक्राफ्ट्स (महिला सीप तालिम), हाम्री बहिनी (वातावरण), खाली शीशा (फोहर व्यवस्थापन), मितेरी रिसाइकल (वातावरण, महिला सशक्तीकरण), द लोकल प्रोजेक्ट नेपाल (हस्तकला), जावलाखेल ह्यान्डीक्राफ्ट सेन्टर (हस्तकला, गलैंचा उत्पादन), द भिलेज क्याफे पाटन (महिला सीप विकास, सशक्तीकरण), सिइङ ह्यान्ड्स क्लिनिक (दृष्टिविहीन सीप विकास), सारङ्गी भेजिटेरियन रेस्टुरा (गाइने जातिको परम्परागत सीप कला संरक्षण) लाईसमेत लिन सकिन्छ ।

यसका अलावा यस प्रकारका अन्य संस्थामा हाइयर ग्राउन्ड पाटन (महिला सशक्तीकरण, सीप विकास), द क्याफे विथ नो नेम (बालविकास, सडक बालबालिका), महागुठी क्राफ्ट विथ कनसाइन्स ( महिला तथा बालबालिका), ढुकुटी (आर्ट, क्राफ्ट), केटिएम हाट (हस्तकला सामान, चियालगायत नेपाली उत्पादन बिक्री), तिम्रो कन्सेप्ट (नेपाली ब्रान्डका थरीथरी डिजाइन तथा हस्तकला सामग्री उत्पादन बिक्री) जस्ता संस्थालाई लिन सकिन्छ । किङ्गस कलेजले समेत यस क्षेत्रमा अध्ययन–अनुसन्धान कार्य गर्ने गरेको पाइन्छ । त्यसैगरी समृद्धि, आइडिया स्टुडियो, अन्तरप्रेरणा, स्टार्टअप्स नेपाल, वन टु वाच, नेक्स्ट, सामर्थ, डोल्मा इम्प्याक्ट फन्ड, रक्स स्टार्टलगायत करीब ५० सामाजिक कम्पनी नेपालमा विभिन्न क्षेत्रमा क्रियाशील रहेको पाइन्छ ।


हाम्रो समाजमा पनि दैनिक लाखौं कमाइ हुने र सम्भ्रान्त जीवन जिउने व्यक्तिदेखि बिहान के खाउँ बेलुका के खाउँ अवस्था भएका तथा दिनभरि अर्काको काम गरी कमाएको थोरै पैसाले गर्जो टार्ने बाध्यता भएका व्यक्ति प्रशस्त छन् । आजसम्म भएका राजनीतिक परिवर्तनले यस्ता आर्थिक सामाजिक दृष्टिले पछाडि परेका र भुइँतहमा रहेका व्यक्तिको जीविकोपार्जनमा अनुभूतिजन्य कार्य भएको पाइँदैन ।

धनी र गरीबबीच फासला बढ्दै गएको पाइन्छ । देश विकास, अविकास र परनिर्भरताको क्रममैं रूमलिरहेको पाइन्छ । नेपालमा सामाजिक उद्यम वा कम्पनी कसलाई भन्ने यसका आधार के हुन भन्नेबारे स्पष्ट सरकारी नीति नै छैन । स्पष्ट कानूनी प्रबन्ध नै नभएको अवस्थामा सामाजिक उद्यम स्थापना तथा सञ्चालनमा समेत अनेक बाधा अडचन झेल्नुपर्ने अवस्था छ । तथापि केही उत्साही उद्यमीले साँचो अर्थमा समाज सेवाको उद्देश्यले विभिन्न क्षेत्रमा शुरू गरेका नवीन तथा नवप्रवर्द्धनात्मक व्यवसायले सुखद भविष्यको सङ्केत गरेका छन् । यसको ज्वलन्त उदाहरणको रूपमा सुखावती स्टोरलाई लिन सकिन्छ ।

वैदेशिक रोजगारको सिलसिलामा दक्षिण कोरिया रहँदा ब्युटीफूल स्टोरमा कामको सिलसिलामा सिकेको ज्ञान, सीप र अनुभवबाट प्रभावित भई उत्साही युवा चिजमान गुरुङको अगुवाइमा परोपकारी भावनाका केही व्यक्ति मिलेर एक गैरनाफामूलक व्यावसायिक सामाजिक कम्पनीको रूपमा सुखावती स्टोर स्थापना भएको हो ।

यस संस्थाको मुख्य उद्देश्य भनेको मानव कल्याण, रोजगार सिर्जना र खेर गइरहेको सामग्रीको यथासम्भव पुनः प्रयोग गर्ने संस्कृतिलाई बढावा दिंदै वातावरण संरक्षणमा योगदान दिनु हो । सुखावती स्टोरले शून्य फोहरको

(बाँकी पाँचौं पातामा)


**लक्षित वर्ग बस्न नमान्दा घर खाली**ः बङ्गलाचुली–२ बढीपोखरामा पालिकाले गरीब तथा असहायका लागि निर्माण गरेको घर । लक्षित वर्ग बस्न नमान्दा ती घर अहिले खाली छन् । तस्वीरः रासस

## फरक समाचार

### कैदीलाई उडुसले खायो

अमेरिकाको अटलान्टा जेलमा एउटा आश्चर्यलाग्दो घटना प्रकाशमा आएको छ । यहाँको एउटा जेलमा कैदीको मृत्यु कीरा र उडुसको टोकाइबाट भएको छ ।



मृतक कैदीको परिवारले दाबी गरेको छ कि जेलको कालकोठरीमा कीरा र उडुसले मानिसलाई जिउँदै खायो र उसको मृत्यु भयो ।

बिबिसी रिपोर्ट अनुसार लाशोन थम्प्सनलाई बलात्कारको मामिलामा दोषी पाएपछि सजाय भएको थियो । उनलाई केही दिनसम्म सामान्य जेलमा राखियो तर न्यायाधीशले व्यक्तिलाई मानसिकरूपमा रोगी घोषित गरेपछि उनलाई फुलटन काउन्टी जेलको साइकियाट्रिक शाखामा शिफ्ट गरियो ।

परिवारका साथसाथै मृतकका वकिल माइकल डि हार्परको दाबी छ–कैदीको हेरचाह सही ढङ्गले भएन, उनीसँग जनावरभन्दा पनि नराम्रो व्यवहार भयो । जुन ब्यारेकमा लाशोनलाई राखिएको थियो, त्यहाँ कुनै पनि जनावर राख्न सकिंदैन । वकिलले जेल प्रशासनलाई दोषी ठह¥याउँदै कानूनी कारबाईको माग गरेको छ । यस दौरान थम्प्सनका परिवारका वकिलले उनको शवको तस्वीर जारी गरेका छन् । तस्वीरमा उनको शवमा लाखौं कीरा र उडुस देख्न सकिन्छ ।

वकिलले घटनाबारे मिडियालाई भनेका छन्– थम्प्सनको एक प्रकारले हत्या भएको छ, उनलाई निकै यातना दिएर मारिएको छ, यस प्रकारको मृत्युको हकदार ऊ थिएन । उनलाई जुन कालकोठरीमा राखिएको थियो त्यहाँ कुनै रोगी जनावरलाई पनि राख्न सकिंदैन ।

यसबारे जेल प्रशासनले आफ्नो सफाइमा भनेको छ–थम्प्सनलाई पक्राउ गरेको तीन महीना मात्र भएको थियो । उनी जेलको कोठरीमा अचेत अवस्थामा भेटिएका थिए । मेडिकल रिपोर्टमा पनि उनलाई बचाउन प्रयास भएको तर बचाउन नसकिएको भनिएको छ । जेल प्रशासनले ब्यारेकमा कीरा र उडुस भएको कुरा स्विकारेको छ ।

### एङ्ग्री बड्र्सलाई जापानी कम्पनीले किन्दै

चर्चित मोबाइल गेम एङ्ग्री बड्र्स फ्रेन्चाइजीका निर्माता रोबियो इन्टरटेन्मेन्टलाई जापानी भिडियो गेम र मनोरञ्जन कम्पनी सेगाले किन्दैछ । यसको मूल्य करीब एक अर्ब डलर हुन सक्ने बताइएको छ । द वाल स्ट्रीट जर्नल अनुसार सेगाले रोबिओलाई आगामी साता किन्न सक्ने बताइएको छ ।




सन् २००९ मा यो गेम शुरू भएको थियो र पाँच वर्षसम्म यसले मोबाइलमा राज ग¥यो । सन् २०१४ मा यो गेम निकै चरममा पुग्यो तर त्यसपछि बिस्तारै यसका प्रयोगकर्ता घट्दै गए । एङ्ग्री बड्र्स गेम पहिलो यस्तो मोबाइल गेम थियो, जसलाई एक अर्ब प्रयोगकर्ताले डाउनलोड गरेका थिए र गिनिज वल्र्ड रेकर्डमा एङ्ग्री बड्र्स गेमको नाम दर्ता छ ।

यस गेमबाट चलचित्र पनि बनेको थियो र त्यसले पनि निकै कमाइ ग¥यो । यस गेमबाट सन् २०१९ मा सिक्वेल द एङ्ग्री बड्र्स मुभी–२ रिलिज भयो तर यसले त्यति सफलता पाएन । रोबियोले यस वर्ष फेब्रुअरीमा आफ्ना मूल एङ्ग्री बड्र्स गेमलाई गूगलको प्ले स्टोरबाट हटाएको थियो । कम्पनीले भनेको थियो, हामीले रोबियो क्लासिक्सः एङ्ग्री बड्र्सको व्यावसायिक मामिलाको समीक्षा गऱ्यौं र हाम्रो व्यापक गेम पोर्टफोलियामा गेमको प्रभावको कारण, हामीले यसलाई प्लेस्टोरबाट हटाउने निर्णय लियौं ।

रोबियो क्लासिक्सः एङ्ग्री बड्र्स असूचीबद्ध भएपनि ती उपकरणमा खेल्नयोग्य रहन्छ, जसमा यो गेम डाउनलोड गरिएको थियो । यसभन्दा पहिले इजरायली डेभलपर प्लेटिकाले करीब आठ सय मिलियन डलरमा रोबियो अधिग्रहण गर्ने बताएको थियो तर सम्झौता हुन सकेन । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

### इमलीले स्वास्थ्यमा पु¥याउने फाइदा



# अन्तर्राष्ट्रिय समाचार

## सुडान झडपः ५६ जना सर्वसाधारणको मृत्यु, छ सय घाइते

खार्तुम, ३ वैशाख/एएफपी

सुडानको राजधानी खार्तुममा हिजोदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा कम्तीमा ५६ जनाले ज्यान गुमाएका छन् भने करीब छ सयजना घाइते भएका छन् । आज पनि बिहानैदेखि झडप भइरहेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

विद्रोही समूह आरएसएफले राष्ट्रपतिको कार्यालय, खार्तुम विमानस्थल, सरकारी टेलिभिजन र अन्य महत्त्वपूर्ण स्थान आफ्नो नियन्त्रणमा रहेको दाबी गरेपछि खार्तुमका सुनसान सडकमा लगातार विस्फोट र बन्दुक पड्केको आवाज सुनिएका छन्। सरकारी सेनाले विद्रोहीका दाबीलाई अस्वीकार गर्दै आएसएफका आधार क्षेत्रमा हवाई हमला जारी राखेको बताएको छ। सुडानी वायु सेनाले नागरिकहरूलाई घरभित्रै बस्न आग्रह गरेको छ ।

प्रजातन्त्र समर्थक स्वतन्त्र चिकित्सकहरूको समूहले ५६ जना नागरिकका साथै कैयौं सुरक्षाकर्मीको मृत्यु भएको तथा छ सयजना घाइते भएका बताएको छ । दोहोरो झडपका कारण आवतजावतमा कठिनाइ भएकाले धेरै घाइतेलाई अस्पताल पुऱ्याउन नसकिएको जानकारी दिंदै सुडानी



तस्वीरः रायटर्स

चिकित्सकको समूहले मृतकको सङ्ख्या बढ्न सक्ने बताएको छ ।

कमजोर समुदायलाई खाद्य सहायता प्रदान गर्ने राष्ट्रसङ्घीय निकाय विश्व खाद्य कार्यक्रमका तीनजना कर्मचारी पनि मारिएका छन्। पश्चिम सुडानको कब्कावियामा रहेको सैन्य आधार शिविरमा भएको झडपमा उनीहरूको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

बेलायत, अमेरिका, युरोपेली सङ्घ, रूस र चीनले तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैनिक जनरल बुरहान र आरएसएफका जनरल मोहमद हमदान डगालोसँग टेलिफोनमा कुरा गर्दै अविलम्ब हिंसा अन्त्य गर्न आग्रह गरेका छन् ।

खार्तुमस्थित अमेरिकी राजदूत जोन गोडफ्रेले गोलाबारी र विष्फोटको आवाजबाट ब्यूँझिएको बताउँदै सर्वसाधारण सुडानीझैं आफू पनि दूतावासका कर्मचारीसँग सुरक्षित स्थानमा आश्रय लिइरहेको बताएका छन्। रासस

## इक्वेडर जेल झडपमा १२ जना कैदीको मृत्यु

ग्वायाकिल (इक्वेडर), ३ वैशाख/एएफपी

ग्वायाकिलको इक्वेडर बन्दरगाहमा रहेको कारागारमा बन्दीहरूबीच भएको झडमा कम्तीमा १२ जनाले ज्यान गुमाएका छन् ।

गत शुक्रवार छजना बन्दी झुन्डिएको अवस्थामा फेला परेपछि कारागारमा द्वन्द्व शुरू भएको थियो । साताको प्रारम्भमा तीनजना महिला सुरक्षाकर्मी मारिएको घटना सेलाउन नपाउँदै झुन्डिएका बन्दी देखेपछि आपसमा भीषण झडप भएको हो ।



घटनापछि जेल बाहिर तैनाथ प्रहरी । तस्वीरः एएफपी

मृतकका शरीरमा गोली लागेका घाउ पनि छन् । यो नरसंहारको अनुसन्धान थालिएको अधिकारीहरूले बताएका छन् । भाडाका हत्याराले ती महिलालाई गोली हानेको बताइएको छ।

देशको राष्ट्रिय सेना र प्रहरीले दुई दिनको अथक प्रयासपछि कारागाररको विषम स्थितिलाई साम्य पारेको छ । ग्वायाकिल कारगारमा छ हजार आठ सयजना कैदी छन् ।

विश्वका प्रमुख कोकिन उत्पादक मुलुक कोलम्बिया र पेरूको बीचमा अवस्थित ग्वायाकिल हालैका वर्षमा लागू औषध तस्करीको केन्द्रबिन्दु बनेको छ ।

फेब्रुअरी २०२१ यता इक्वेडरका जेलमा आठवटा यस्ता बीभत्स हत्याका घटना भइसकेका छन् । ती घटनामा चार सयभन्दा बढी कैदीले ज्यान गुमाएका छन् । धेरैको शव टुक्राटुक्रा पारिएको तथा जलाइएको अवस्थामा भेटिएका थिए।

लागूऔषध तस्करहरूले जेललाई आफ्नो कारोबार सञ्चालन केन्द्रका रूपमा प्रयोग गर्दा इक्वेडरमा यस्ता घटना बारम्बार हुने गरेका छन् ।

गत सेप्टेम्बरमा पनि इक्वेडरको अर्को एक कारगारमा यस्तै झडप हुँदा १२० जना कैदीको मृत्यु भएको थियो । रासस

## भवनमा आगो लाग्दा १६ जनाको मृत्यु

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – चोरभय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनक्षति |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

दुबई, ३ वैशाख/एएफपी

दुबईको एउटा आवासीय भवनमा आगलागी हुँदा १६ जनाको मृत्यु भएको छ भने नौजना घाइते भएका छन् ।

शहरको पुरानो भागमा रहेको अल–रस छेउमा रहेको भवनको चौथो तलामा आगलागी हुँदा उक्त हताहती भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। निर्माण सुरक्षा र अग्नि सुरक्षा आवश्यकताको पालना नगरेको कारण आगलागी भएको सिभिल डिफेन्स फोर्सको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

दुबई संयुक्त अरब इमिरेट्सका सात इमिरेट्समध्ये एक हो। यहाँ करीब ३३ लाख जनसङ्ख्याको बसोवास छ भने त्यसमा झन्डै ९० प्रतिशत विदेशी छन्। आगलागीमा ज्यान गुमाएका तथा घाइते हुनेको राष्ट्रियता भने खुलाइएको छैन ।

सन् २०१७ देखि दुबईका अधिकारीहरूले आगोको जोखिम कम गर्न भवन नियममा कठोर प्रावधानको व्यवस्था घोषणा गरेका छन्। मुख्यतया भवनको बाहिरी आवरणमा प्रयोग हुने ज्वलनशील सामग्रीहरूलाई लिएर कडा नियम ल्याइएको हो । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## श्रीपशुपति हिन्दू विश्वविद्यालय निर्माण प्रक्रिया अगाडि बढ्यो

काठमाडौं, ३ वैशाख/रासस

सरकारले 'श्रीपशुपति हिन्दू विश्वविद्यालय' निर्माण प्रक्रिया अगाडि बढाएको छ ।

संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयले हिन्दू धर्मको खोज तथा अनुसन्धान गर्ने उद्देश्यले विश्वविद्यालय स्थापना गर्न लागेको हो ।

हिन्दू विश्वविद्यालय स्थापनाको सम्भाव्यता अध्ययनसहित अवधारणापत्र तयार गर्न मन्त्रालयद्वारा गठित विश्वविद्यालय सम्भाव्यता अध्ययन समितिले अध्ययनसहितको अवधारणापत्र २०७९ आज पर्यटनमन्त्री सुदन किराँतीलाई बुझाएको छ । पर्यटन मन्त्रालयमा आज आयोजित कार्यक्रममा समितिका संयोजक संस्कृतविद् डा जगमान गुरुङले पर्यटनमन्त्रीलाई उक्त अवधारणापत्र हस्तान्तरण गरे ।

विश्वविद्यालयको अवधारणापत्र ग्रहण गर्दै पर्यटनमन्त्री किराँतीले अवधारणालाई शीघ्र कार्यान्वयनमा ल्याइने विश्वास व्यक्त गरे । उनले भने, "समयभित्रै महत्त्वपूर्ण प्रतिवेदन तयार भएको छ । यो प्रारम्भिक अवधारणा हो । यसको विस्तृत अध्ययनका लागि मन्त्रालयले समिति गठन गरेर छिट्टै विश्वविद्यालय निर्माण कार्य अघि बढाउछौं ।" श्रीपशुपतिनाथ हिन्दू विश्वविद्यालय भव्यरूपमा सञ्चालन गर्न सकिने पर्यटनमन्त्री किराँतीको भनाइ छ।

गत फागुन १५ गतेको मन्त्रीस्तरीय निर्णयबाट हिन्दू विश्वविद्यालय स्थापनाको सम्भाव्यता अध्ययनसहित अवधारणापत्र तयार गर्न संस्कृतिविद् डा जगमान गुरुङको संयोजकत्वमा समिति गठन गरिएको थियो। समितिले एक महीनाभित्रै प्रतिवेदन तयार गरेको हो ।

हिन्दू धर्मको बृहत्तर खोज तथा अनुसन्धान गर्ने उद्देश्यले स्थापना गर्न लागिएको विश्वविद्यालयका माध्यमबाट हिन्दू धर्मसम्बन्धी विश्वभर विज्ञहरू उत्पादन गर्ने र सांस्कृतिक कूटनीतिक विकास हुने विश्वास लिइएको छ । समितिका संयोजक डा गुरुङले नेपाललाई विश्वकै आध्यात्मिक आकर्षण केन्द्रका रूपमा स्थापित गर्ने उद्देश्यले हिन्दू विश्वविद्यालय स्थापना गर्न लागिएको बताए ।

### अध्ययनका निष्कर्ष के छन् ?

प्रस्तावित विश्वविद्यालय नेपालको धर्म, दर्शन, सभ्यता र लोकपरम्परा लगायतका नेपालमुखी रैथाने विषयको अध्यापन अनुसन्धानमा केन्द्रित हुँदा यसको आवश्यकता औंल्याइएको छ । न्यायिक परिषद् (बोर्ड अफ ट्रस्टिज)बाट सञ्चालन गर्ने लक्ष्य रहेको छ। यसको एउटा आफ्नो महाविद्यालय र अन्य आङ्गिक एवं सम्बन्धनप्राप्त विद्यापीठमा यो विस्तारित हुनेछैन ।

विश्वविद्यालयमा मूलतः स्नातकोत्तर, एमफिल र विद्यावारीधि तहका शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

पर्यटन मन्त्रालय र पशुपति क्षेत्र विकास कोष संस्थापक भएपनि विश्वविद्यालयको शैक्षिक नीति तथा कार्यक्रम शिक्षा मन्त्रालयको हुनेछ । विश्वविद्यालय अनुदान आयोग र कोषको आर्थिक सहयोग अपरिहार्य रहेको प्रतिवेदनमा उल्लेख छ ।

कोषको स्वामित्वमा रहेको गोठाटारमा विश्वविद्यालय स्थापना गर्न सकिने र उक्त शैक्षिक प्रशासनिक पूर्वाधारका लागि कम्तीमा दुई सय रोपनी जग्गा व्यवस्था हुनुपर्ने जनाइएको छ ।

विश्वविद्यालयको आवश्यकता, स्वरूप, जग्गा प्राप्ति तथा जनशक्ति र आर्थिक स्रोतको पहिचानजस्ता समस्या रहेको प्रतिवेदनले औंल्याएको छ ।

## कोरोनाका कारण एकजनाको मृत्यु

चितवन, ३ वैशाख/रासस

जिल्लामा कोरोनाका कारण एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका–१० का ६४ वर्षीय पुरुष रहेको स्वास्थ्य कार्यालय, चितवनले जनाएको छ ।

कार्यालयका प्रमुख दुर्गा चापागाईंका अनुसार निमोनियाका कारण चितवन मेडिकल कलेजमा उपचाररत उनलाई चैत ३० गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमणका कारण उनको शनिवार मृत्यु भएको हो ।




तस्वीरः फाइल/प्रतीक

जिल्लामा अहिले दशजना सक्रिय सङ्क्रमित छन् । कार्यालयको तथ्याङ्क अनुसार भरतपुर महानगरपालिकामा आठ, रत्ननगर र कालिका नगरपालिकामा एक/एक रहेका छन् । सङ्क्रमित सबै होम आइसोलेशनमा छन्।

### सामाजिक उद्यमशीलता ...

अवधारणा कार्यान्वयनमा ल्याएको छ ।

सुखावतीका काठमाडौं उपत्यकास्थित वनस्थली, नेपालटार वा झम्सीखेलस्थित स्टोरमा दैनिक दुई सयको हाराहारीमा ग्राहक पुग्ने गरेका र त्यसबाट दैनिक सरदर रु बीस हजारसम्मको कारोबार हुने गरेको पाइन्छ ।

स्वच्छ, सुखी र सुन्दर संसार निर्माणको परिकल्पनालाई केन्द्रमा राखेर सुखावती स्टोरले गरीबी न्यूनीकरण, वातावरण संरक्षण र रोजगार सिर्जनाका निमित्त दिगोरूपमा सामाजिक उद्यम सञ्चालन गर्ने लक्ष्यलाई व्यवहारमा कार्यान्वयन गरेको छ ।

'रिड्युस, रियुज र रिसाइकल' तथा पिपुल, प्लानेट र प्रोफिटको सैद्धान्तिक जगमा उभिएर यो संस्थाले एकातिर आर्थिक सामाजिक दृष्टिले पछि परेका वर्गलाई लक्षित गरी उनीहरूको आयआर्जन, रोजगार, स्वास्थ्य, शिक्षा, जीविकोपार्जनमा यथासम्भव सहयोग गर्दै आएको छ भने अर्कोतिर शून्य फोहर अवधारणालाई व्यवहारमा कार्यान्वयन गरी वातावरण संरक्षणमा समेत टेवा पुऱ्याएको छ ।

व्यक्ति र परिवारभन्दा माथि उठेर वसुधैव कुटुम्बकम्को परहितकारी मानवतावादी मर्मलाई आत्मसात गर्दै 'सेवा हि परमो धर्म, यतो धर्मस्ततो जय' जस्ता सदीयौंदेखि हाम्रो समाजमा विद्यमान नैतिक आध्यात्मिक र सामाजिक संहितालाई मूल मन्त्र मानेर मानव जीवन र जगत्को सेवा र संरक्षण कार्यमा यस्ता केही सामाजिक संस्थाको भूमिका उदाहरणीय रहेको छ। यस्ता सामाजिक उद्यमले रोजगार सिर्जना, गरीबी निवारण, महिला सशक्तीकरण, वातावरण संरक्षणलगायत राष्ट्रिय विकासका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्न सक्ने कुरामा सन्देह छैन । यसका लागि सामाजिक उद्यमको स्थापना, सञ्चालन, विकास, विस्तार, नियमन तथा प्रोत्साहन सम्बन्धमा सरकारले ठोस नीति नै तय गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

(लेखक सामाजिक सेवाको क्षेत्रमा क्रियाशील हुनुहुन्छ)

### जीराभवानी गाउँपालिका कार्यालयके सूचना

२०८० वैशाख १ से ७ गतेतक देशभर व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन होरहल बा । जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईंसराइलगायत व्यक्तिगत घटना, घटना घटल ३५ दिनभितर आपन स्थायी ठेगाना आ घटना घटल स्थानके वडा कार्यालयमा जाके अनिवार्यरूप से दर्ता करी–कराई । विद्यालय भर्ना, सामाजिक भत्ता प्राप्त करे खातिर, राहदानी बनावे खातिर, नाबालक परिचयपत्र बनाए खातिर, बैंक खाता खोले तथा सरकार से प्राप्त होखेवाला अन्य सेवा लिए खातिर व्यक्तिगत घटना दर्ता आवश्यक भइला से आआपन वडा कार्यालयमा जाके दर्ता करावेके खातिर हार्दिक अनुरोध छ ।

**व्यक्तिगत घटना दर्ता करावल सब नागरिकके कर्तव्य ह।**

व्यक्तिगत घटना दर्ता सप्ताह वैशाख १ से ७ गतेतक देशभर । व्यक्तिगत घटना घटल ३५ दिनभितर व्यक्तिगत घटना दर्ता करी । जिम्मेवार नागरिकके परिचय दिइ ।

### धोबिनी गाउँपालिका कार्यालयके सूचना

२०८० वैशाख १ से ७ गतेतक देशभर व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन होरहल बा । जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईंसराइलगायत व्यक्तिगत घटना, घटना घटल ३५ दिनभितर आपन स्थायी ठेगाना आ घटना घटल स्थानके वडा कार्यालयमा जाके अनिवार्यरूप से दर्ता करी–कराई । विद्यालय भर्ना, सामाजिक भत्ता प्राप्त करे खातिर, राहदानी बनावे खातिर, नाबालक परिचयपत्र बनाए खातिर, बैंक खाता खोले तथा सरकार से प्राप्त होखेवाला अन्य सेवा लिए खातिर व्यक्तिगत घटना दर्ता आवश्यक भइला से आआपन वडा कार्यालयमा जाके दर्ता करावेके खातिर हार्दिक अनुरोध छ ।

**व्यक्तिगत घटना दर्ता करावल सब नागरिकके कर्तव्य ह।**

व्यक्तिगत घटना दर्ता सप्ताह वैशाख १ से ७ गतेतक देशभर । व्यक्तिगत घटना घटल ३५ दिनभितर व्यक्तिगत घटना दर्ता करी । जिम्मेवार नागरिकके परिचय दिइ ।

### पानी नपरेपछि ...

बुझिदिनुपर्ने उनीहरूको माग थियो ।

महोत्तरीमा करीब ७० हजार हेक्टर जग्गामध्ये हालसम्म ६,७९५ हेक्टरमा मात्र स्थायी सिंचाइ सुविधा पुगेको छ। माटोमा चिस्यान नहुँदा बाँझो जग्गा खनजोत गर्न पनि नपाइएको बर्दिवास–१२ बिजलपुराका किसान रामविलास सिंह बताउँछन् । जिल्लाको १० हजार हेक्टरमा व्यावसायिकरूपमैं तरकारी खेती हुँदै आएको महोत्तरीस्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

### वन क्षेत्रमा...

डढेलो नियन्त्रणका लागि निकुञ्ज प्रशासन प्रयासरत रहेको बताए । यस मौसममा तीन चरणमा डढेलो लाग्ने र अहिले अन्तिम चरणको डढेलो लागेको डा रामले बताए। उनले निकुञ्जको क्षेत्रफल ठूलो रहेको र जनशक्ति कम भएका कारणले आगो निभाउन समस्या भइरहेको बताए ।

डिभिजन वन कार्यालय, पर्साका सहायक वन अधिकृत फरमान मियाँले जनचेतनाको कमीका कारण डढेलो लागेको बताए । उनले गहुँबालीको छवालीमा आगो लगाउने क्रममा घर जलेको भन्दै काठ उपलब्ध गराउन मात्र यसवर्ष ४५ वटा निवेदन परेको बताए। डिभिजन वन कार्यालय, पर्साबाट डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको बताए । आगलागी नियन्त्रणसम्बन्धी स्थानीय पालिकाले कुनै चासो नलिएकोमा उनले गुनासो गरेका छन् ।

यसैगरी गहुबालीको ठुटो र छवाली जलाउने क्रममा गहुबालीमा आगलागी हुदा करिब डेढ बिघाको बाली जलेर नष्ट भएका छन। जीराभवानी गाँउपालिका वडा नं ३ परसवामा दिउसो करिब १:०० बजे आगलागी भएको जनाइएका छन। सो वडामा पर्ने जीतपुर निवासी किसान बली देवानको १५ कठ्ठाको गहुबाली जलेर नष्ट भएको जनाईएका छन। त्यस्तै परसवा निवासी ढोडा हाजरा दुसादको गहुबाली समेत जलेर नष्ट भएको छन। सरो आगलागीबाट करिब एक लाख पचास हजार मूल्य बराबर गहु जलेर नष्ट भएका जानकारी आएका छन। यस घटनाको वारेमा प्रहरीलाई जानकारी नगराएका इलाका प्रहरी कार्यालय सेढवाका प्रनानि ननदकिशोर साहले बताए।

# मन्त्री रिजाललाई गृहजिल्लामा स्वागत

प्रस, वीरगंज, ३ वैशाख/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री




रमेश रिजाल आइतवार गृह जिल्ला आएका छन्।

मन्त्री भएपछि पहिलोपटक गृह जिल्ला आएका रिजाललाई सिमरा विमानस्थलमा भव्य स्वागत गरिएको थियो।

सिमरा विमानस्थलमा उनले सङ्क्षिप्त प्रतिक्रिया दिँदै पर्सा, बाराका उद्योग, व्यवसायको हितमा काम गर्ने बताएका छन्। उनले अहिलेको अवस्था सबैलाई अवगत भएको र प्रतिकूल अवस्थामा पनि उद्योगधन्दा फस्टाउने गरी सरकारले काम गर्ने प्रतिबद्धता जाहेर गरे।

नेपाली काङ्ग्रेस पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्री, संविधानसभा सदस्य अनिल हँगटा, प्रदेशसभा सदस्य श्याम पटेल, वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलम, नेकाका स्थानीय नेता श्याम पोखरेल, नवीन सिंह, गापाध्यक्ष श्रीकान्त यादवलगायतले सिमरा विमानस्थलमा मन्त्री रिजालको स्वागत गरेका थिए। आजै मन्त्री रिजाल पुस्तैनी गाउँ जगरनाथपुर गापा-५ मा गएका र उनलाई त्यहाँ फूलको विशाल माला लगाएर सम्मान गरिएको थियो। गापा अध्यक्ष श्रीकान्त यादवले मन्त्री रिजालको स्वागत गरेका थिए। कार्यक्रममा नेका पर्साका सभापति सिंह, उपसभापति रामनारायण कुर्मी, मन्त्रीका स्वकीय सचिव बृहस्पतिकृष्ण श्रेष्ठ, नवीन सिंहलगायतको सहभागिता थियो।

मन्त्री रिजालले वडास्तरीय क्रिकेट प्रतियोगिताको पनि उद्घाटन गरे।

## बैंकिङ कसूर मुद्दामा वडाध्यक्ष पटेल पक्राउ

प्रस, वीरगंज, ३ वैशाख/

बहुदरमाई नगरपालिका-२ का वडाध्यक्ष जीतेन्द्र पटेल बैंकिङ कसूर मुद्दामा आइतवार पक्राउ परेका छन्।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीका अनुसार आज दिउँसो पटेललाई घरबाटै पक्राउ गरी आवश्यक कारबाईको लागि जिल्ला प्रहरी कार्यालय, पर्सा पठाएको बताए।

प्राप्त जानकारी अनुसार स्थानीय मङ्नी साहबाट पटेलले ११ लाख रुपियाँ बराबरको रकम लेनदेन गरेको र उनले पाँच वर्ष बितिसक्दा पनि पैसा नदिएपछि मुद्दा दर्ता गरेको र उनलाई प्रहरीले पक्राउ गरेको हो।



वडाध्यक्ष जीतेन्द्र पटेल हाल जिल्ला प्रहरी कार्यालय, पर्साको नियन्त्रणमा रहेको प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए।

पक्राउ परेका पटेलमाथि हाल अनुसन्धान भइरहेको र भोलि जिल्ला अदालत पर्सामा बुझाउने जानकारी प्राप्त भएको छ।

# फाउन्डेशनद्वारा सञ्चालित कार्यक्रमको अनुगमन

प्रस, वीरगंज, ३ वैशाख/ सखुवाप्रसौनी गाउँपालिका-५, महुवनको दलितबस्तीमा स्थापित पिसफोर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साका कार्यक्षेत्रहरू तथा कार्यक्रमको अनुगमन तथा समुदायसँग अन्तर्क्रिया कार्यक्रम गरिएका छन्।




विगत तीन वर्षदेखि सञ्चालन गरिएको सखुवाप्रसौनी गापा-३, कौवावन कटैया गाउँको दलितबस्ती र वीरगंज महानगरपालिका वडा नं १९, विन्ध्यवासिनी कोहनिया गाउँको दलितबस्तीमा अनुगमन गरिएको हो।

फाउन्डेशनले दलित बालबालिकाको लागि शिक्षामा पहुँच तथा विद्यालय टिकाउ, गुणस्तरीय शिक्षा, शिक्षाको सिकाइ सुधारको लागि दलित बालबालिकालाई निशुल्क ट्युशन सञ्चालन गर्दै आएको छ।

अनुगमनमा फाउन्डेशन नेपालका अध्यक्ष मनोज राम, डा पियारतन महर्जन, एशियास्तरका दलित अधिकारकर्मी प्रोदीपरुद्र अधिकारी, दलित महिला सदस्य सरस्वतीदेवी राम, औंतुल अन्सारी, मनोज कुमार, सुवास श्रेष्ठलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण फाउन्डेशनका सचिव दीपेन्द्रकुमार रामले गरेका थिए।




- अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
- अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं।
- अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
- अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकीकृत बजारीकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## नेपाली टोलीको घोषणा

काठमाडौं, ३ वैशाख/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपालमा आयोजना हुने एसिसी पुरुष प्रिमियर कप क्रिकेट खेल्ने १४ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ।

क्यानले आइतवार रोहित पौडेलको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो। नेपाली टोलीमा कप्तान पौडेलसहित कुशल भुर्तेल, भीम सार्की, आसिफ शेख, प्रतीश जिसी, ज्ञानेन्द्र मल्ल, ललित राजवंशी र कुशल मल्ल, आरिफ शेख, दीपेन्द्र सिंह ऐरी, गुलशन झा, सोमपाल कामी, करण केसी र सन्दीप लामिछाने रहेका छन्। यसैगरी, वैकल्पिक खेलाडीतर्फ किशोर महतो, अर्जुन साउद, सन्दीप जोरा र सूर्य तामाङ रहेका छन्।

एशियन क्रिकेट काउन्सिल (एसिसी)को आयोजनामा हुने उक्त प्रतियोगिता यही वैशाख ५ देखि १८ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताका खेल कीर्तिपुरस्थित त्रिवि मैदान र मूलपानीमा रहेको क्रिकेट मैदानमा सञ्चालन हुनेछ। प्रतियोगितामा विभिन्न १० राष्ट्रको सहभागिता रहनेछ। सहभागी राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए'मा आयोजक नेपालसहित मलेशिया, साउदी अरेबिया, कतार र ओमान रहेका छन्। समूह 'बी'मा बहराइन, कुवेत, सिङ्गापुर, हङकङ र युएई रहेका छन्। नेपालले यही वैशाख ५ गते मलेशियासँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ।

फाइनल खेलको विजेता टोली एशिया कपका लागि छनोट हुनेछ। एशिया कप आगामी सेप्टेम्बरमा आयोजना हुनेछ।

# वन क्षेत्रमा लागेको डढेलो अझैं नियन्त्रण भएन

ओमप्रकाश चौधरी, सेढवा, ३ वैशाख/ डिभिजन वन कार्यालय, पर्सा र पर्सा पञ्चमुखी सामुदायिक वन र सुनाखरी उपभोक्ता समिति अन्तर्गत रहेको



वन क्षेत्रमा लागेको आगलागीबाट निस्केको धूवाँ।

राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र अन्तर्गत रहेको राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रमा लागेको डढेलो पनि नियन्त्रण हुन सकेको छैन्।



गहुँको ठुटो जलाउँदै गरेको दृश्य। तस्वीर: प्रतीक

सामुदायिक वन क्षेत्रमा एक सातादेखि लागेको डढेलो हालसम्म नियन्त्रण हुन सकेको छैन। आगो नियन्त्रणका लागि सम्बन्धित निकायले पहल नगरेको स्थानीयले गुनासो गरेका छन्।

जिल्लाको सेक्टर वन कार्यालय वसन्तपुर, भतौडा, रङपुर, बडनियार र पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका महादेवपोष्ट, गडुवापोष्ट, चारभैयापोष्ट, निर्मलवस्तीपोष्टलगायत क्षेत्रका जङ्गलमा डढेलो नियन्त्रण हुन सकेको छैन। त्यस्तै किसानहरूले लगाएको गहुँबाली भित्र्याएर खेतमा रहेका गहुँका ठुटा र छ्वालीमा आगो लगाई अव्यवस्थित तरीकाले नष्ट गरिरहेका छन्। चर्को घाम, सुख्खा याम र चैते हावा चलिरहेको हुँदा आगलागीको जोखिम बढेको छ। मानव बस्तीसँग जोडिएका खेतबारीमा आगो लगाउँदा गाउँबस्तीमा पनि आगो लाग्ने जोखिम बढेको छ।

यसका साथै जङ्गलमा लागेको डढेलो र छवाली ठुटोमा लागेको आगोका कारण निस्केको धूवाँका कारण वातावरण नै दूषित भएको छ। हावामा बाक्लो धूवाँ भएका कारण मानव जीवनको स्वास्थ्यमाथि नकारात्मक असर परिरहेको छ। दूषित वातावरणका कारण बिहान हुस्सु लागेजस्तो धूवाँले ढाकिएको देखिन्छ। जसले गर्दा आखाँ पोल्ने, आँखा पाकेर सुन्निने, रातो हुने तथा छालामा विभिन्न किसिमका चर्मरोग लाग्ने गरेको स्थानीयले गुनासो गरेका छन्।

आगलागी तथा डढेलोबाट निस्केको धूवाँले विशेषगरी जङ्गलसँग सिमाना जोडिएका ठोरी गाउँपालिका, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली गाउँपालिका, पर्सागढी नगरपालिका बासिन्दाहरूमा यस्तो समस्या देखिएको स्थानीयहरूले बताएका छन्।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख वन संरक्षण अधिकृत डा अशोक रामले (बाँकी पाँचौं पातामा)

# दीनदुःखीलाई फलफूल वितरण

प्रस, वीरगंज, ३ वैशाख/ भारत, उत्तर प्रदेशस्थित काशी हिन्दू




विश्वविद्यालमा अध्ययनरत नेपाली विद्यार्थीहरूले गत वर्षझैं यस वर्ष पनि दीनदुःखी, असहाय तथा बालबालिकाहरूको सेवा गरेर नयाँ वर्ष २०८० मनाएका छन्।

वाराणसीस्थित कुष्ठरोगी आश्रम, सङ्कटमोचन मन्दिर, विश्वनाथ मन्दिर तथा बिएचयू वरिपरिका क्षेत्रमा फलफूल वितरण गरी नयाँ वर्ष मनाएको स्नातकोत्तर तहमा अध्ययनरत परिवर्तन नेपाल, वीरगंजका सचिव विशेष साहले बताए। स्नातक तहमा अध्ययनरत चन्दन कुशवाहाले नयाँ वर्षको खुशियाली बाँडेर मनाउने प्रयास गरिएको बताए।

नयाँ वर्षमा जथाभावी पैसा खर्च नगरी मानवसेवामा सदुपयोग गर्दा मनमा अवर्णित शान्ति प्राप्त हुने विद्यार्थीहरूले बताए। कार्यक्रममा प्रवीणकुमार मिश्र, नितेश साह, कौलेश परदेशी, विनय चौरसियालगायतको सहभागिता थियो।